नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
अर्घाखाँची

पत्र संख्याः
चलानी नं.

## उच्च सतर्कता अपनाउन जिल्ला प्रशासन कार्यालय, अर्घाखाँचीको अनुरोध

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट मिति २०७/०२/१३ गतेदेखि २०७८/०२/१५ गतेसम्म यस जिल्लाका केही स्थानहरुमा पश्चिम बगालको खाडीमा विकसित भएको जलवायुको प्रभाव र शक्तिशाली चक्रवात (Very severe cyclonic storm) यास (YAAS) का कारण हल्का देखि भारी वर्षाको संभावना रहेको भन्ने सूचना प्राप्त भएको छ । वर्षातको समयमा बाढी, पहिरो तथा भू-क्षय जस्ता प्राकृतिक विपदका घटनाहरु हुन सक्ने उच्च सम्भावना रहेकोले विपदका घटनाबाट बच्न बचाउन निम्नानुसार गर्नु/गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

निम्नः-

१. बाढी, पहिरो भू-क्षय र डुबान हुने क्षेत्रमा नजाने ।
२. नदी तथा खोला किनारमा कुनै पनि काममा नजाने ।
३. नदी तथा खोला किनारमा माछा मार्ने लगायतका गतिविधि नगर्ने ।
४. विपद् व्यवस्थापनमा संलग्न सरकारी एवम् गैरसरकारी निकाय र विषयगत कार्यालयहरु सतर्क अवस्थामा रहने ।
५. विपदजन्य घटना भएमा तत्काल स्थानीय विपद व्यवस्थापन समिति, जिल्ला विपद व्यवस्थापन समिति, नजिकको प्रहरी युनिट वा जिल्ला आपतकालीन संचालन केन्द्रमा तुरुन्त जानकारी गराउने ।

२०७८।२।१३
**विक्रम थापा**
सहायक प्रमुख जिल्ला अधिकारी


Ph: 077-420133 । 077-420208 । 077-420731 । Fax: 077-420209 । Toll Free: 1660-77-42042 । Notice Board: 1618077420208
E-Mail: daoarghakhanchi@moha.gov.np । daoarghakhanchi@gmail.com । Website: daoarghakhanchi.moha.gov.np